कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय,सिंहदरबार,काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : नियमावली
दर्ता नं: १०८/०८२
दर्ता मिति: २०८२/१२/०२

नेपाल सरकार कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय सिंहदरबार, काठमाडौं

# सडक दस्तुर उठाउने (कार्यविधि) नियमावली, २०८१

सडक बोर्ड ऐन, २०५८ को दफा ४२ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारको स्वीकृति लिई सडक बोर्डले देहायका नियमहरु बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यी नियमहरूको नाम "सडक दस्तुर उठाउने (कार्यविधि) नियमावली, २०८१" रहेको छ।

(२) यो नियमावली नेपाल सरकारले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ।

२. <u>परिभाषा:</u> बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले सडक बोर्ड ऐन, २०५८ सम्झनु पर्छ।

(ख) "दस्तुर सङ्कलन केन्द्र" भन्नाले नियम ७ को उपनियम (१) बमोजिमको दस्तुर सङ्कलन केन्द्र सम्झनु पर्छ।

(ग) "सवारी धनी" भन्नाले सवारी दर्ताको प्रमाणपत्रमा सो सवारीको धनी भनी लेखिएको व्यक्ति, फर्म, कम्पनी वा अन्य कुनै सङ्गठित संस्था सम्झनु पर्छ।

(घ) "सवारी चालक" भन्नाले सवारी तथा यातायात व्यवस्था सम्बन्धी प्रचलित कानून बमोजिम चालकको अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ।

३. <u>दस्तुर निर्धारण गर्ने:</u> ऐनको दफा ५ को खण्ड (घ) बमोजिम बोर्डको सुझावको आधारमा नेपाल सरकारले ऐनको दफा ६ बमोजिम नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सडक उपभोग गर्ने सवारी साधनलाई लगाइने दस्तुर निर्धारण गर्नेछ।

४. <u>सवारी चालकले दस्तुर बुझाउनु पर्ने:</u> ऐनको दफा ६ को उपदफा (२) को खण्ड (क) बमोजिम सडक उपभोग गरे बापत नियम (३) बमोजिम लगाइएको दस्तुर सम्बन्धित चालकले बुझाउनु पर्नेछ।

५. <u>इन्धन आयातकर्ता वा सवारी धनीले दस्तुर बुझाउनु पर्ने:</u> (१) ऐनको दफा ६ को उपदफा (२) को खण्ड (ख) बमोजिमको दस्तुर सम्बन्धित इन्धन आयातकर्ताले त्यस्तो इन्धन आयात गरिने भन्सार बिन्दुमा बुझाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम बुझाएको दस्तुर भन्सार कार्यालयले साप्ताहिक रूपमा बोर्डले तोकेको बैङ्क खातामा जम्मा गर्नु पर्नेछ।

६. <u>प्रक्षेपित आम्दानीको विवरण तयार गर्नु पर्ने:</u> (१) समितिले दस्तुर उठाउन खोजिएको सडक वा सडक खण्डमा सञ्चालन हुने सवारी साधनको तथ्याङ्कलाई आधार लिई आगामी आर्थिक वर्षको प्रक्षेपित आम्दानीको विवरण तयार गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्रक्षेपित आम्दानीको विवरण तयार गर्दा काबुबाहिरको परिस्थितिको कारणले प्रक्षेपित आम्दानीमा पर्न सक्ने प्रभावलाई समेत विचार गर्नु पर्नेछ।

७. <u>बोर्डले खटाएको कर्मचारी, व्यक्ति वा संस्था मार्फत दस्तुर उठाउने:</u> (१) ऐनको दफा ६ को उपदफा (२) को खण्ड (क) बमोजिमको दस्तुर उठाउनको लागि बोर्डले सङ्कलन केन्द्र तोक्न सक्नेछ।

(२) बोर्डले देहायका मध्ये कुनै माध्यमबाट उपनियम (१) बमोजिमको दस्तुर सङ्कलन गर्न सक्नेछ:-

(क) दस्तुर सङ्कलन केन्द्रमा बोर्ड आफैले उपकरण जडान गरी बोर्डको कर्मचारी मार्फत,

(ख) दस्तुर सङ्कलन केन्द्रमा जडान गरिने उपकरण कुनै व्यक्ति वा संस्थासँग प्रचलित कानून बमोजिम सेवा करारमा जडान गरी बोर्डको कर्मचारी मार्फत,

(ग) दस्तुर सङ्कलन केन्द्रमा बोर्ड आफैले उपकरण जडान गरी दस्तुर सङ्कलनको लागि लाग्ने जनशक्तिको व्यवस्थापन कुनै व्यक्ति वा संस्थासँग प्रचलित कानून बमोजिम सेवा करार गरी सो मार्फत,

(घ) दस्तुर सङ्कलन केन्द्रमा जडान गरिने उपकरण र दस्तुर सङ्कलन गर्नको लागि जनशक्ति व्यवस्थापन सम्बन्धी कार्य कुनै व्यक्ति वा संस्थासँग प्रचलित कानून बमोजिम सेवा करार गरी सो मार्फत।

(३) उपनियम (२) को खण्ड (ग) वा (घ) बमोजिम कुनै व्यक्ति वा संस्थासँग सेवा करार गरी दस्तुर सङ्कलन गरिने भएमा त्यस्तो दस्तुर सङ्कलन केन्द्रमा अनुगमन तथा आवश्यक समन्वय गर्नको लागि बोर्डले आफ्नो प्रतिनिधिको रुपमा एक जना अधिकृत स्तरको कर्मचारी खटाउनेछ।

(४) उपनियम (२) को खण्ड (क) वा (ख) वा उपनियम (३) बमोजिम दस्तुर सङ्कलन केन्द्रमा खटाइने बोर्डको कर्मचारीको सुविधा नेपाल सरकारको अर्थ मन्त्रालयको सहमतिमा बोर्डले निर्धारण गरे बमोजिम हुनेछ।

८. <u>आधारभूत भौतिक संरचनाको निर्माण तथा व्यवस्थापन:</u> बोर्डले दस्तुर सङ्कलन केन्द्र व्यवस्थित तथा प्रभावकारी ढङ्गले सञ्चालन गर्नको लागि आवश्यक आधारभूत भौतिक संरचनाको निर्माण, व्यवस्थापन तथा सञ्चालनको व्यवस्था गर्नेछ।

९. <u>कारोबारको व्यवस्थापन:</u> (१) बोर्डले दस्तुर सङ्कलन कार्यको दैनिक कारोबारलाई आफ्नो खाता रहेको बैङ्कसँग समन्वय गरी विद्युतीय प्रणाली अन्तर्गतका क्वीक रेस्पोन्स कोड (क्यू.आर.कोड), मोबाइल बैङ्किङ्ग वा अन्य उपयुक्त प्रविधिको प्रयोगद्वारा बैङ्क खातामा सोझै रकम जम्मा गर्ने व्यवस्था मिलाउनेछ।

(२) बोर्डले दस्तुर बापत नगद संकलन गरेको भएमा सोही दिन वा भोलिपल्ट बोर्डको बैङ्क खातामा जम्मा गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

१०. <u>सुपरीवेक्षण तथा अनुगमन:</u> बोर्ड वा बोर्डले तोकेको पदाधिकारी वा कर्मचारीले आवश्यकतानुसार स्थलगत भ्रमण, आधुनिक प्रविधियुक्त क्लोज्ड सर्किट टेलिभिजन (सि.सि.टि.भि.) क्यामेराको प्रयोग तथा अन्य उपयुक्त माध्यमबाट सडक उपभोग दस्तुर सङ्कलन कार्यको सुपरीवेक्षण तथा अनुगमन गर्ने कार्य गर्नेछ।

११. <u>समन्वय गर्ने:</u> बोर्डले जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, स्थानीय तहका जनप्रतिनिधि, स्थानीय बासिन्दा, स्थानीय सङ्घ संस्थासँग आवश्यक समन्वय गरी दस्तुर सङ्कलन कार्यलाई सहज र प्रभावकारी बनाउनु पर्नेछ।

१२. <u>खारेजी र बचाउ:</u> (१) सडक दस्तुर उठाउने कार्यविधि सम्बन्धी नियमावली, २०६० खारेज गरिएको छ।

(२) सडक दस्तुर उठाउने कार्यविधि सम्बन्धी नियमावली, २०६० बमोजिम भए गरेका कामहरू यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।

कार्यकारी निर्देशक

प्रमाणित

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं